TEJGANGA DARPAN
A Multidisciplinary Peer Reviewed Journal
ISSN: 2717-4883
DOI Indexed in NepJol

Tejganga Multiple Campus
Kavrepalanchok, Panauti Nepal
URL: www.tejganga.edu.np

# पाठ्येतर बालसाहित्यको शैक्षणिक उपयोग : तालिम आवश्यकता

**हेरम्बराज बास्तोला**

पीएचडी शोधार्थी, त्रिभुवन विश्वविद्यालय, नेपाल

herambarajb@gmail.com

Received: 20 December 2025; Revised & Accepted: 25 January 2026; Publication: 1 March 2026

Copyright: Bastola (2026)

This work is licensed under a Creative Commons Attribution-Non-Commercial 4.0 International License.

## लेखसार

प्रस्तुत अध्ययन भिगोत्स्कीद्वारा प्रतिपादित सामाजिक-सांस्कृतिक सिद्धान्त (सन् १९७८) लाई सैद्धान्तिक आधार मानी विद्यालयीय परिवेशमा बालबालिकाको भाषिक सिप विकासका लागि पाठ्येतर बालसाहित्यको उपयोगको वर्तमान अवस्था र त्यसको प्रभावकारी प्रयोगका लागि शिक्षकलाई आवश्यक पर्ने तालिमसम्बन्धी समस्यामा केन्द्रित छ । यस सिद्धान्तअनुसार बालबालिकाको संज्ञानात्मक तथा भाषिक विकास उनीहरू अवस्थित सामाजिक-सांस्कृतिक परिवेशमा हुने अर्थपूर्ण अन्तर्क्रियाबाट सम्भव हुन्छ, जसमा भाषा प्रमुख मध्यस्थ साधनका रूपमा क्रियाशील हुन्छ । यद्यपि नीतिगत रूपमा पाठ्येतर बालसाहित्यको शैक्षिक महत्त्व स्वीकार गरिएको परिप्रेक्ष्यमा पनि व्यवहारमा यसको पहुँच, व्यवस्थापन र कक्षाकोठामा प्रयोगको अवस्था कमजोर देखिन्छ । यस अध्ययनको मुख्य उद्देश्य विद्यालयीय वातावरण तथा सरोकारवालामा विद्यमान र अपेक्षित सक्षमता बिचको अन्तराल पहिचान गरी शिक्षक तालिमको आवश्यकता निर्धारण गर्नु हो । गुणात्मक

अनुसन्धान ढाँचामा आधारित यस अध्ययनमा काठमाडौँ उपत्यकाका दुई विद्यालयलाई उद्देश्यमूलक रूपमा छनोट गरिएको छ । तथ्य सङ्कलनका लागि स्थलगत अवलोकन तथा नेपाली भाषा शिक्षकसँग खुला अन्तर्वार्ता लिइएको छ । प्राप्त तथ्यहरू विद्यालयमा उपलब्ध पाठ्येतर सामग्रीको अवस्था, शिक्षकको बुझाइ, वर्तमान प्रयोग अभ्यास, सामना गरिएका चुनौती र तालिमसम्बन्धी आवश्यकताका आधारमा विश्लेषण गरिएको छ । अध्ययनबाट पाठ्येतर बालसाहित्य बालबालिकाको सुनाइ, बोलाइ, शब्दभण्डार र अभिव्यक्ति सिप विकासमा प्रभावकारी भएपनि यसको प्रयोग शिक्षकको व्यक्तिगत प्रयासमा सीमित रहेको निष्कर्ष प्राप्त भएको छ । सामग्रीको अभाव, समय व्यवस्थापनको समस्या, सामग्री छनोट तथा प्रयोगसम्बन्धी सिप र तालिमको कमी, साथै विद्यालय प्रशासन र अभिभावकको न्यून प्राथमिकता पाठ्येतर बालसाहित्य प्रयोगको प्रमुख अवरोधका रूपमा देखिएका छन् । यस अध्ययनका निष्कर्षले शिक्षक तालिम प्रदायक निकायलाई सन्दर्भानुकूल तालिम योजनानिर्माण गर्न आधार प्रदान गर्नुका साथै विद्यालय, शिक्षक, अभिभावक र नीति निर्माता बिचको सहकार्यमार्फत पठनमैत्री वातावरण निर्माण गर्न उपयोगी हुने अपेक्षा गरिएको छ ।

***शब्दकुञ्जी :*** *बालभाषा, भाषासिकाइ, सामाजिक सन्दर्भ, पाठ्येतर बालसाहित्य ।*

## पृष्ठभूमि

विद्यालयीय परिवेशमा बालबालिकाको भाषिक सिप विकास गर्ने कार्यमा उनीहरूको सक्रिय सहभागिता बढाउन पाठ्येतर बालसाहित्यको विशेष महत्त्व हुन्छ । भिगोत्स्की (सन् १९७८) का अनुसार बालबालिकाको संज्ञानात्मक विकास उनीहरूका सांस्कृतिक सन्दर्भमा सामाजिक अन्तर्क्रियाका माध्यमबाट हुन्छ । संज्ञानात्मक विकास हुने र अभिव्यक्त हुने माध्यम भाषा हो । यस भनाइबाट के स्पष्ट हुन्छ भने बालबालिकाको संज्ञानात्मक विकासका लागि भाषा अभिन्न पक्ष हो । भाषा सिकाइका लागि बालबालिकालाई उनीहरूकै सांस्कृतिक परिवेशमा सहज रूपमा अन्तर्क्रिया गर्न पाउने वातावरण आवश्यक हुन्छ । बालसाहित्य भाषा सिकाइका क्रममा सामाजिक अन्तर्क्रियाको महत्त्वपूर्ण साधन हो । (कोर्मोस, सन् २००७) । विभिन्न अध्ययनहरूले पाठ्येतर बालसाहित्य भाषासिकाइको प्रभावकारी माध्यम भएको प्रमाणित गरेका छन् (अलऔफी, सन् २०२० र चाङ, सन् २००७) । नेपालमा पनि पाठ्येतर बालसाहित्य उपयोगिता स्वीकार गरी भाषा शिक्षणका क्रममा

पाठ्येतर बालसाहित्य उपयोगको नीतिगत व्यवस्था गरिएको देखिन्छ (नेपाल सरकार २०७६) । यति हुँदाहुँदै पनि नेपालमा विद्यालयका भाषा शैक्षणिक कार्यकलापहरूमा पाठ्येतर बालसाहित्यको उपयोगमा पर्याप्त ध्यान पुग्न सकिरहेको छैन (शर्मा २०७४) । शिक्षकमा तत्परता, स्रोत साधनको उपलब्धता साथै विद्यालयीय संस्कृतिमा पाठ्येतर साहित्यिक सामग्री उपयोगमा प्रोत्साहन हुन सक्दा मात्र पाठ्येतर बालसाहित्य भाषा सिकाइ अभ्यासमा समुचित रूपमा समावेश हुन पाउँछ ।

कक्षाका शिक्षण सिकाइ कार्यमा पाठ्यपुस्तक केन्द्रित शिक्षण हावी भइरहेको अवस्था छ । यस लेखमा विद्यालयहरूमा पाठ्येतर स्रोत र सामग्रीको पहुँचको अवस्था कस्तो छ र कक्षाकोठाका सिकाइ प्रक्रियामा पाठ्येतर स्रोत र सामग्रीको उपयोग गर्न सहजकर्ताको सक्षमता र तत्परता कस्तो छ भन्ने मूल प्रश्नहरूमा अध्ययन गरी तालिमको आवश्यकता पहिचान गरिएको छ । विद्यमान सक्षमता र अपेक्षित सक्षमता बिचको अन्तराल पहिचान गर्नका लागि यो तालिम आवश्यकता आँकलन अध्ययन गरिएको हो । यस अध्ययनको मूल उद्देश्य भाषा सिकाइमा पाठ्येतर साहित्यको उपयोगका लागि विद्यालयीय वातावरण तथा सरोकारवालामा विद्यमान र अपेक्षित सक्षमता बिच अन्तराल पहिचान गर्नु हो । प्रस्तुत अध्ययन विद्यालयीय परिवेशको सिकाइमा पाठ्येतर सामग्रीको उपयोगको अवस्था पहिचान गरी सिकाइमा प्रभावकारिता प्रवर्धन गर्न सरोकारवालामा तत्परता बढाउन र सामग्री छनोट तथा उपयोगको सिप वृद्धि गर्ने कार्यमा सक्षमता बढाउन आवश्यक पर्ने तालिमका लागि शिक्षकका आवश्यकता पहिचान गर्ने कार्यमा केन्द्रित छ । जसका लागि दुईओटा विद्यालयका दुई जना नेपाली भाषा शिक्षकसँग गरिएको खुल्ला अन्तर्वार्तामा सीमित रहिएको छ ।

## विधि तथा प्रक्रिया

यस अध्ययनमा क्षेत्र तथा सहभागी उद्देश्यमूलक रूपमा चयन गरिएको छ (मेरियम र टिसडेल सन् २०१६) । क्षेत्र छनोटका क्रममा काठमाडौँ उपत्यकाका पाँच विद्यालयको स्थलगत भ्रमण गरी अवलोकन गरिएको थियो । तीमध्ये आधारभूत तहका कक्षाहरूमा पुस्तक कुना व्यवस्था गरिएको एक र सो व्यवस्था नभएको एक गरी दुई विद्यालयलाई अध्ययनको क्षेत्र र ती विद्यालयका नेपाली भाषा शिक्षकलाई सहभागीका रूपमा लिइएको छ । विद्यालयमा उपलब्ध पाठ्येतर सामग्रीको अवस्था,

पहिचान गर्न निर्दिष्ट विद्यालयमा स्थलगत अवलोकन गरी तथ्य सङ्कलन गरिएको छ । पाठ्येतर बालसाहित्य/सामग्रीप्रतिको शिक्षकको बुझाइ, वर्तमानमा गरिएको प्रयोग अभ्यास, विद्यार्थीहरूको प्रतिक्रिया र सिकाइमा देखिएको प्रभाव, पाठ्येतर सामग्री प्रयोगमा सामना गर्नु परिरहेका चुनौतीहरू, शिक्षकका सिप तथा तालिमसम्बन्धी आवश्यकता पाठ्येतर सामग्री प्रयोग प्रवर्धनमा सरोकारवाला (प्रधानाध्यापक र अभिभावक) बाट अपेक्षा गरिएको भूमिका गरी पाँचओटा सार क्षेत्रमा सहभागी शिक्षकसँग अन्तर्वार्ता गरी आवश्यकता पहिचान गर्ने प्रयास  गरी व्याख्या विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत लेखको सैद्धान्तिक आधारका रूपमा लेभभिगोत्स्कीद्वारा प्रतिपादित सामाजिक–सांस्कृतिक सिद्धान्तलाई लिइएको छ । भिगोत्स्की (सन् १९७८) का अनुसार बालबालिकाको संज्ञानात्मक विकास कुनै एकल प्रयास वा जैविक प्रक्रियाको परिणाम मात्र नभएर उनीहरूका सामाजिक, सांस्कृतिक र भाषिक परिवेशसँगको अन्तर्क्रियाका माध्यमबाट क्रमशः निर्माण हुने प्रक्रिया हो । यस सिद्धान्तले ज्ञानलाई सामाजिक रूपमा निर्माण हुने कुरा मान्दछ । बालबालिकाले सामाजिक अन्तर्क्रियाका क्रममा भाषाजस्तो सांस्कृतिक उपकरणको प्रयोग गर्दै नयाँ ज्ञान आर्जन गर्छन् भन्ने यस सिद्धान्तको मान्यता हो ।  यस दृष्टिकोणले सिकाइलाई व्यक्तिगत क्षमताभन्दा पनि सामाजिक सहभागिता, सहकार्य र सांस्कृतिक उपकरणको उपयोग गर्दै गरिने सामाजिक अभ्यासबाट प्राप्त हुने परिणाम मान्दछ । सामाजिक–सांस्कृतिक सिद्धान्तअनुसार भाषा संज्ञानात्मक विकासको केन्द्रमा रहने साधन हो ।

बालसाहित्य बालबालिकाको भाषा सिकाइ प्रक्रियामा अति उपयोगी सामग्री हो । समाज, जीवन र परिवेशलाई सुहाउने यथार्थ ढङ्गले सोच्न सकिने रूप प्रदान गरेर लोकसाहित्य पौराणिक र वैज्ञानिक एवम् सामाजिक विषय स्रोतका वस्तुलाई बाल्य उपभोक्ता बजारको उपयोगी, रोचक, आकर्षक र कौतुहलपूर्ण शिल्पमा शिक्षाप्रद बनाएर प्रस्तुत गर्ने सामग्री बालसाहित्य हो (कसजु २०७४) । बालबालिकाले सामाजिक अन्तर्क्रियाका क्रममा अरूसँग संवाद गर्दै, कथा सुन्दै, भन्दै, प्रश्न उत्तर गर्दै र अर्थ निर्माण गर्दै आफ्ना मानसिक संरचनाहरू विकास गर्छन् । विशेषतः सम्भावित विकासका क्षेत्र / जोन अफ प्रक्सिमल डिभलपमेन्ट (ZPD) को अवधारणाले बालबालिकाले आफ्नै

क्षमताले गर्न नसक्ने कार्यहरू सक्षम व्यक्ति (शिक्षक, अभिभावकवा सहपाठी) को सहयोगमा गर्न सक्छन् भन्ने मान्दछ (भिगोत्स्की, सन् १९७८) । यस सन्दर्भमा कथा, कविता, लोककथाजस्ता बालसाहित्यले बालबालिकाका लागि सामाजिक संवाद, कल्पनाशीलता र अर्थ निर्माणका लागि अवसरको सिर्जना गरेर संज्ञानात्मक  तथा भाषिक विकासलाई सहयोग गर्ने माध्यमका रूपमा काम गर्दछ (कोर्मोस, सन् २००७) । तसर्थ  बालबालिकाको भाषिक तथा संज्ञानात्मक विकासमा बालसाहित्य अत्यन्तै उपयोगी उपकरण हो ।

प्रस्तुत अध्ययनमा पाठ्येतर बालसाहित्यलाई भिगोत्स्कीको सामाजिक-सांस्कृतिक दृष्टिकोणअनुसार सांस्कृतिक सन्दर्भमा रही सामाजिक अन्तर्क्रिया गर्ने उपकरणका रूपमा लिइएको छ । बालसाहित्य बालबालिकाको दैनिक जीवन, सामाजिक अनुभव र सांस्कृतिक सन्दर्भसँग निकट हुने र उनीहरूका उमेर र रुचिअनुकूलको सामग्री भएकाले यसले कक्षाकोठा र बाहिर समेतका सिकाइमा सार्थक अन्तर्क्रिया, सहभागितामूलक सिकाइ र सहकार्यको वातावरण निर्माण गरिदिन्छ । यस्ता अन्तर्क्रियामार्फत बालबालिकाले भाषालाई विषयका रूपमा नभई विचार अभिव्यक्ति तथा अनुभव आदानप्रदानको माध्यमका रूपमा प्रयोग गर्न सिक्छन् (भिगोत्स्की सन् १९७८; अल् औफी, सन् २०२०; चाङ, सन् २००७) । तसर्थ विद्यालयीय सिकाइमा पाठ्येतर बालसाहित्यको उपयोग सामाजिक–सांस्कृतिक सिद्धान्तअनुकूल हुने देखिन्छ ।

## विद्यालयमा उपलब्ध पाठ्येतर सामग्रीको अवस्था

उद्देश्यमूलक छनोटमा परेका काठमाडौँका दुई विद्यालयमा गरिएको स्थलगत अवलोकनमा एउटा विद्यालयमा आधारभूत तहका कक्षाकोठाको एक कुनामा केही कथा, कविता, बालपत्रिकाहरू राखिएका देखिए, यद्यपि तिनीहरू धेरै प्रयोग नभएको र धुलो जमेको अवस्थामा थिए । पुस्तकालयमा केही आकर्षक किताबहरू भएपनि विद्यार्थीहरू त्यहाँ पुगेर नियमित पढ्ने कार्यतालिकाको व्यवस्था भने देखिएन । त्यसैगरी अर्को विद्यालयमा भने पाठ्येतर सामग्रीको समग्र स्थिति झन् कमजोर देखियो । त्यहाँ कक्षा कोठामा कुनै अतिरिक्त पुस्तकहरू थिएनन् , पुस्तकालय बन्द थियो । पुस्तकालय खोल्न अनुरोध गरी भित्र अवलोकन गर्दा थोरै पुस्तकहरू राखिएका देखिए तर त्यसमा पनि अधिकांश

पाठ्यपुस्तक मात्रै थिए । दुवै विद्यालयका शिक्षकहरूले चाहिँ पाठ्येतर सामग्रीलाई उपयोगी मानेको पाइयो तर विद्यालयमा पहुँच र व्यवस्थापनको पक्ष भने कमजोर पाइयो ।

सामाजिक–सांस्कृतिक सिद्धान्तअनुसार भाषा र साहित्यजस्ता सांस्कृतिक उपकरणको नियमित र सार्थक उपयोगबाट बालबालिकाको भाषिक तथा संज्ञानात्मक विकास सम्भव हुन्छ । अध्ययन गरिएका विद्यालयहरूमा पाठ्येतर सामग्री सीमित, अव्यवस्थित र प्रयोगविहीन अवस्थामा रहेका देखिनुले सामाजिक अन्तर्क्रिया, सहभागीतामूलक सिकाइर सम्भावित विकासका क्षेत्र विस्तार गर्ने अवसर सिर्जना हुन सकेको देखिएन । यसले शिक्षकबाट पाठ्येतर बालसाहित्यको सैद्धान्तिक महत्त्व स्वीकार गरिए पनि विद्यालयीय अभ्यासमा त्यसअनुकूल वातावरण निर्माण हुन नसकेको यथार्थ देखिन्छ ।

## पाठ्येतर बालसाहित्य/सामग्रीप्रतिको शिक्षकको बुझाइ

शिक्षकले दिएको प्रतिक्रियाअनुसार पाठ्येतर सामग्री भनेको निर्दिष्ट पाठ्यपुस्तकमा समेटिएका बाहेकका सामग्री हुन् । यस्ता सामग्रीले सिकाइका लागि विद्यार्थीमा रुचि बढाउँछ । जसबाट उनीहरूमा शब्दभण्डार, वाक्यगठन क्षमता, कल्पनाशीलता र सिर्जनात्मक क्षमता वृद्धिमा सहयोग पुग्छ । कथा, कविता, निबन्ध र बालपत्रिका जस्ता सामग्रीहरू यस्ता कार्यका लागि सहयोगी सिद्ध हुन्छन् ।

## वर्तमानमा गरिएको प्रयोग अभ्यास

विद्यालयीय परिवेशमा पाठ्येतर पुस्तकहरूको उपयोग गरी गरिएका अभ्यासहरूका सन्दर्भमा शिक्षकसँग गरिएको कुराकानीका आधारमा विद्यालयमा शिक्षकहरूले व्यक्तिगत प्रयासबाट केही नयाँ कार्य गर्ने गरेका रहेछन् । उनीहरूबाट कहिले काहीँ कथाकथन, कविता पाठ, चित्र वर्णन जस्ता कार्यहरू गरिँदा रहेछन् । विशेषगरी शुक्रबार पाठ्येतर सामग्री पढ्न दिने र त्यस पढाइका आधारमा प्रतिविम्बन भन्न लगाउने गरिएको रहेछ । पाठ्यक्रम पूरा गर्नुपर्ने दबाब साथै समय र सामग्रीको अभावका कारण दैनिक अभ्यासमा चाहिँ यस्ता कार्यकलाप सञ्चालन गर्न सम्भव नभएको अनुभव शिक्षकहरूको रहेछ । पाठ्येतर पुस्तकहरूको उपयोग गरी कार्यकलापहरू गरिएका बेला विद्यार्थीहरू

बढी उत्साहित, जिज्ञासु र सक्रिय रहने अनुभव शिक्षकहरूबाट गरिएको रहेछ ।

शिक्षकहरूले सञ्चालन गर्ने कथाकथन, कविता पाठ र चित्र वर्णनजस्ता गतिविधिहरू सामाजिक – सांस्कृतिक सिद्धान्तअनुसार भाषा विकासका लागि प्रभावकारी कार्यहरू हुन् त्यस्ता गतिविधिहरूले सामाजिक अन्तर्क्रिया र सम्भावित विकासका क्षेत्रसम्म विस्तार गर्न सिकारुलाई सक्रिय बनाउँछन् । यति हुँदाहुँदै पनि समय, सामग्री र पाठ्यक्रमीय दबाबका कारण यस्ता अभ्यासहरू नियमित हुन नसक्दा निरन्तर सामाजिक अभ्यास र सहकार्यात्मक सिकाइअवसर सीमित हुन पुगेको देखिन्छ ।

**विद्यार्थीहरूको प्रतिक्रिया र सिकाइमा देखिएको प्रभाव**

कक्षामा पाठ्येतर बालसाहित्य प्रयोग गर्दा विद्यार्थीहरूको प्रतिक्रिया निकै सकारात्मक रहेको शिक्षकहरूको अनुभव रहेछ । उनीहरूका अनुसार कथा, कविता, नाटक तथा सरल निबन्ध उपयोग गर्दा विद्यार्थीहरू चाख लगाएर ध्यानपूर्वक सुन्छन्, प्रश्न सोध्छन् र कक्षाकार्यमा सक्रिय सहभागी हुन्छन् । विशेषगरी चित्र भएका सामग्रीहरू देखाउँदा विद्यार्थीहरू उत्साहित हुने र नयाँ पात्र, घटना र सन्दर्भ बुझ्न प्रयास प्रयास गर्न थालेको देखिने शिक्षकहरूले अनुभव गरेका रहेछन् । पाठ्येतर बालसाहित्यको उपयोगको अभ्यास भएको कक्षामा विद्यार्थीहरूको उच्चारण, वाक्य गठन क्षमतार सुनाइ र बोलाइजस्ता सिप समेत उल्लेखनीय रूपमा बढेको अनुभव गरेका रहेछन् । यसरी पाठ्येतर सामग्री प्रयोग हुँदा कक्षा बढी रमाइलो, सहभागी मूलक र जीवन्त बन्दै जाने तथा विद्यार्थीहरूको भाषिक क्षमता विकासमा स्पष्ट र छिटो प्रभाव देखिने शिक्षकहरूको साझा अनुभव रहेछ ।

सामाजिक–सांस्कृतिक सिद्धान्तअनुसार कक्षामा पाठ्येतर बालसाहित्य प्रयोग हुँदा बालबालिकाहरू सामाजिक अन्तर्क्रिया र अर्थ निर्माणको प्रक्रियामा सक्रियतापूर्वक सहभागी हुन्छन् । यसबाट उनीहरू ज्ञानको सम्भावित विकासको दायरामा प्रवेश गरी भाषिक सिपहरू विकास गर्न सक्षम भएका देखिन्छन् । कथा, कविता, नाटक र चित्रयुक्त सामग्रीले सिकारुका लागि माध्यम वा सहयोगी सामग्रीका रूपमा काम गर्दछ । यसले कक्षाका भाषिक कार्यकलापहरूमा सुन्ने, बोल्ने, प्रश्न

गर्ने र सहकार्य गर्ने गतिविधिलाई प्रभावकारी बनाएको छ । शिक्षक र सहपाठीसँगको निरन्तर अन्तर्क्रियाका कारण भाषा सिकाइ जीवन्त, सहभागीमूलक र प्रभावकारी बनेको देखिन्छ ।

## पाठ्येतर सामग्री प्रयोगमा सामना गर्नु परिरहेका चुनौतीहरू

निर्धारित पाठ्यक्रम र परीक्षाबाट नतिजा ल्याउनुपर्ने दबाबले पाठ्यपुस्तकमा केन्द्रित भई शिक्षण गर्नुपर्ने दबाबले गर्दा कक्षा कोठामा पाठ्येतर बालसाहित्य उपयोगको अभ्यासलाई दैनिक तालिकामा समावेश गर्न कठिन रहेको शिक्षकहरूको अनुभव रहेको छ । त्यसमा पनि उपयुक्त सामग्रीको अभाव अर्को प्रमुख समस्या बनेको छ । विद्यालयमा उपलब्ध पुस्तकहरू पुराना रहेका, बालबालिकाको रुचिअनुसारका पुस्तक उपलब्ध हुन नसकेकाले कक्षाभरिका विद्यार्थीलाई समेट्न कठिनाइ भएको शिक्षकहरूको अनुभव रहेछ । साथै सामग्री छनोट तथा प्रयोगबारे प्रशिक्षणको कमी,  कक्षामा बढ्दो विद्यार्थी सङ्ख्या र विद्यालय प्रशासन तथा अभिभावकको तर्फबाट पाठ्येतर बालसाहित्यलाई कम प्राथमिकता दिने प्रवृत्ति पनि विद्यालयीय परिवेशमा पाठ्येतर बालसाहित्य उपयोग गर्ने कुरामा बाधकका रूपमा रहेको अनुभव शिक्षकहरूले गरेका रहेछन् । केही शिक्षकहरूले आफ्नै प्रयासमा सामग्री खोजेर कक्षा कार्यकलापमा उपयोग गर्ने गरेको भएतापनि विद्यालयमा व्यवस्थित पुस्तकालय वा पुस्तक कुना नहुनुले पाठ्येतर सामग्री प्रयोग गर्न नसकिएको गुनासो शिक्षकहरूको रहेछ । यी सबै कारणले गर्दा पाठ्येतर सामग्री सिकाइका लागि अत्यन्त उपयोगी हुन्छन् भन्ने लाग्दालाग्दै यसको प्रयोग भने व्यक्तिगत प्रयासमा सीमित रहेको कुरालाई शिक्षकहरूले चुनौतीका रूपमा लिएको रहेछन् ।

सामाजिक अन्तर्क्रियाका माध्यमबाट सिक्ने प्रक्रियालाई अवरुद्ध गर्ने पक्षहरू यहाँ चुनौतीका रूपमा देखिएका छन् । पाठ्यक्रम र परीक्षामुखी दबाब, उपयुक्त सामग्री र तालिमको अभाव तथा विद्यालयीय परिवेश र भाषा शैक्षणिक कार्यकलापमा पाठ्येतर बालसाहित्यको उपयोगका लागि पहुँच र प्रेरणा कमजोर देखिएको छ । यसले गर्दा बालबालिकाका लागि सम्भावित विकासको क्षेत्रसम्म सिकाइ विस्तार हुने अवसर र प्रक्रियामा बाधा सिर्जना भएको छ । यसले पाठ्येतर बालसाहित्यको शैक्षणिक उपयोगिता र महत्त्व स्वीकारिए पनि यसको उपयोग गर्ने कुरा शिक्षकको व्यक्तिगत प्रयासमा मात्र सीमित रहेको देखिन्छ ।

## शिक्षकका सिप तथा तालिमसम्बन्धी आवश्यकता

पाठ्येतर बालसाहित्यको प्रभावकारी उपयोगका लागि आफूहरूलाई अझ धेरै सिप र तालिम आवश्यक भएको शिक्षकहरूले महसुस गरेका रहेछन् । सबैभन्दा पहिले उमेर तथा स्तरअनुसार उपयुक्त सामग्री छनोट गर्ने क्षमता विकास गर्न तालिम अपरिहार्य छ भन्ने उनीहरूको बुझाइ रहेछ । धेरैजसो सामग्री स्तरअनुकूल नहुँदा कक्षामा त्यसको प्रयोगले खासै प्रभावकारी भूमिका खेल्न सक्दैन भन्ने शिक्षकको साझा बुझाइ देखिन्छ । कथाकथन, कवितावाचन, चित्रवर्णनजस्ता सक्रिय सिकाइ गतिविधिका ढाँचा निर्माण तथा सञ्चालन गर्ने व्यावहारिक सिप सिक्न शिक्षकहरू उत्सुक रहेछन् । पाठ्येतर सामग्रीमार्फत विकास हुने शब्दभण्डार, वाक्यगठन, कल्पनाशीलता र अभिव्यक्ति सिप जस्ता पक्षहरूलाई कसरी मूल्याङ्कन गर्ने भन्नेबारे स्पष्टताका लागि पनि तालिम आवश्यक रहेको धारणा उनीहरूको रहेछ । शिक्षकहरूले स्थानीय सांस्कृतिक सन्दर्भअनुकूल रचना वा सङ्कलन गरिएका लोकसाहित्यका पाठहरू कक्षामा प्रयोग गर्न सन्दर्भअनुकूलका सामग्रीनिर्माण र छनोटसम्बन्धी तालिम आवश्यक रहेको महसुस गरेका रहेछन् । यसरी शिक्षकहरूले आफूहरूलाई बालसाहित्य प्रयोगमा तत्पर रहेको बताए पनि व्यवस्थित तालिम, आधुनिक विधिप्रविधिको प्रयोग, सामग्री व्यवस्थापन र सिकाइ मूल्याङ्कनका सिपसम्बन्धी तालिमको आवश्यकता महसुस गरेका रहेछन् ।

सिकाइ प्रक्रियाका सहजकर्ताका रूपमा शिक्षकको भूमिकालाई प्रभावकारी र सशक्त बनाउन स्तरअनुकूल सामग्री छनोट गर्न र सक्रिय सिकाइ गतिविधि सञ्चालन गर्न शिक्षकका लागि सिकाइ सहयोगसम्बन्धी व्यावहारिक तालिम आवश्यक देखिन्छ । उपयुक्त सामग्री, स्पष्ट विधि र मूल्याङ्कन सिपको अभावमा पाठ्येतर बालसाहित्यको उपयोगी गुण सार्थक उपयोगमा आउन नसक्ने अवस्था देखिएको छ । यसर्थ बालसाहित्य प्रयोगलाई सन्दर्भयुक्त, अर्थपूर्ण र प्रभावकारी बनाउन शिक्षकका लागि सामग्री छनोट, निर्माण, व्यवस्थापन, आधुनिक विधिप्रविधि र मूल्याङ्कन केन्द्रित निरन्तर तालिम आवश्यक छ भन्ने देखिन्छ ।

## पाठ्येतर सामग्री प्रयोग प्रवर्धनमा सरोकारवालाबाट अपेक्षा गरिएको भूमिका

शिक्षकहरूको भनाइमा पाठ्येतर बालसाहित्यको प्रभावकारी प्रयोग गर्न विद्यालयका सरोकारवालाको

सक्रिय सहयोग आवश्यक छ । प्रधानाध्यापकले नवीन र अध्यावधिक सामग्री खरिद गरी पुस्तकालय सुदृढ गरिदिने, कक्षामा पुस्तक कुना स्थापना गरिदिने र नियमित अतिरिक्त गतिविधिका लागि समय व्यवस्था मिलाउन पहल गरिदिनुपर्छ भन्ने शिक्षकको अपेक्षा रहेछ । प्रधानाध्यापकको प्राथमिकता तथा प्रोत्साहनले मात्र शिक्षकहरूमा यस्तो अभ्यास गर्ने प्रेरणा मिल्ने शिक्षकहरूको धारणा रहेछ । अभिभावकहरूप्रति पनि शिक्षकले विशेष अपेक्षा गरेका छन् । घरमै पठन संस्कृतिलाई प्रोत्साहन गरिदिएर, आफ्ना छोराछोरीहरूका लागि बालसाहित्यका पुस्तकहरू किनिदिएर पढ्न प्रेरित गर्नु र विद्यालयले सञ्चालन गर्ने पठनसम्बन्धी अभियान वा साहित्यिक कार्यक्रममा सक्रिय सहभागिता जनाउन अभिभावकहरूलाई शिक्षकहरूले आग्रह गरेका छन् । अभिभावकहरूले पाठ्येतर सामग्रीलाई अतिरिक्त भारका रूपमा नभई बालभाषा विकासको आधारका रूपमा स्वीकारी दिएमा विद्यालय र घरका बिच सिकाइमा सहकार्य हुने र यो निकै फलदायी हुने बुझाइ शिक्षकहरूको रहेको देखिन्छ । समग्रमा शिक्षकहरूका धारणाले प्रधानाध्यापक र अभिभावकको सहकार्यबिना पाठ्येतर सामग्री प्रयोगको वातावरण बन्न कठिन हुने र सरोकारवालाको सक्रिय भूमिका र सहकार्यले मात्र सिकाइमा स्थायी प्रभाव पार्न सक्ने कुरा स्पष्ट पारेको छ ।

पाठ्येतर बालसाहित्यको प्रभावकारी प्रयोग विद्यालय र घर दुवैलाई समेट्ने साझा सामाजिक अभ्यासका रूपमा विकास हुन आवश्यक देखिन्छ । यसका लागि प्रधानाध्यापकबाट संस्थागत रूपमा सामग्री, समय र प्रोत्साहनको व्यवस्था हुन आवश्यक छ । अभिभावकबाट घरमै पठन संस्कृतिका लागि आवश्यक वातावरण निर्माण गरी विद्यालयसँग समेत सहकार्य गर्ने तत्परता आवश्यक देखिन्छ । सरोकारवालाको यस्तो संयुक्त प्रयासबाट मात्र पाठ्येतर बालसाहित्यको पहुँच र उपयोग विस्तार हुन्छ । यसले बालबालिकामा अपेक्षित सक्षमता विकास गर्न सहज हुन्छ ।

## प्राप्ति

माथि गरिएको तथ्यहरूको विश्लेषणका आधारमा विद्यालयीय परिवेशमा पाठ्येतर बालसाहित्यको पहुँच र उपयोगको वर्तमान अवस्था र अपेक्षा गरिएको पक्ष तुलना गरी यस अध्ययनको प्राप्तिका रूपमा तालिमका लागि देहाय बमोजिम अन्तराल पहिचान गरिएको छ ।

## वर्तमान अवस्थाको विवरण

काठमाडौँका दुई विद्यालयमा गरिएको स्थलगत अवलोकन र शिक्षकसँगको अन्तर्वार्ताले विद्यालयीय परिवेशमा पाठ्येतर सामग्री उपयोगको अवस्था कमजोर देखियो । एउटा विद्यालयमा कथा, कविता र बालपत्रिकाहरूजस्ता केही सामग्री कक्षाकोठाका कुनामा राखिएका पाइए पनि शिक्षण सिकाइमा तिनको नियमित प्रयोग हुन नसकेको पाइयो । पुस्तकालयमा केही आकर्षक पुस्तकहरू भएपनि विद्यार्थीहरूका लागि पुस्तकालयको पहुँचका लागि समय तालिका व्यवस्थापन गरिएको देखिएन । अर्को विद्यालयमा कक्षा कोठामा कुनै पाठ्येतर सामग्री देखिएनन्  बन्द रहेको पुस्तकालय खोल्न लगाएर हेर्दा त्यहाँ भएका पुस्तकहरू पनि पाठ्यपुस्तक मात्र थिए । बालबालिकाको भाषा सिकाइमा पाठ्येतर सामग्री अत्यन्त उपयोगी हुन्छन् भन्ने शिक्षकहरूको बुझाइ रहे पनि सामग्रीको पर्याप्त उपलब्धता तथा पठन संस्कृतिका अभावले शिक्षण सिकाइमा उपयोग हुन नसकेको पाइयो । यति हुँदाहुँदै पनि शिक्षकको व्यक्तिगत इच्छाका कारण साप्ताहिक कार्यक्रमहरूमा पाठ्येतर सामग्री उपयोग गर्ने गरिएको पाइयो । नियमित प्रयोगको समय अभाव,  उमेर र रुचिअनुसार सामग्रीको छनोट गर्ने क्षमताको कमी  र विद्यालय प्रशासन तथा अभिभावकका तर्फबाट दिइनुपर्ने प्राथमिकताको कमीले गर्दा कक्षामा बालसाहित्यका अभ्यासहरू नियमित एवम् व्यवस्थित रूपमा हुन नसकेको अवस्था देखियो ।

## अपेक्षा गरिएको अवस्था

शिक्षकहरूले पाठ्येतर सामग्री प्रयोगलाई प्रभावकारी र नियमित बनाउनका लागि विद्यालय प्रशासन तथा अभिभावकहरूबाट सक्रिय सहयोगको अपेक्षा राखेका छन् । उनीहरूले विद्यालयमा नवीन र अद्यावधिक सामग्रीसहित स्रोतसम्पन्न पुस्तकालयको आवश्यकता महसुस गरेका छन् । कक्षामा पुस्तक कुनाको प्रबन्ध होस्  र विद्यार्थीलाई नियमित रूपमा पठन अभ्यासमा सहभागी गराउने समय तालिका बनोस् भन्ने चाहेका छन् । प्रधानाध्यापकका तर्फबाट विद्यालयमा पाठ्येतर सामग्रीको व्यवस्थापन गरी विद्यार्थीहरूले चाहेका बेला सजिलैसँग पढ्न पाउने गरी व्यवस्था मिलाउने काम होस् भन्ने अपेक्षा गरिएको छ । उमेर र रुचिअनुसार उपयुक्त सामग्री छनोट, कथाकथन, भाषिक खेल

तथा कविता प्रस्तुति जस्ता कार्यकलाप सञ्चालन गर्ने व्यावहारिक सिप तथा मूल्याङ्कन विधिमा दक्ष बन्न चाहेको कुरा व्यक्त गरिएको छ । बालबालिकामा पठन संस्कृति विकास गर्ने काममा सकारात्मक सहयोग गर्नका लागि अभिभावकले घरमै सरल र रुचिपूर्ण पुस्तकहरू उपलब्ध गराइ दिऊन् भन्ने पनि शिक्षकहरूको चाहना रहेको पाइएको छ । समग्रमा, विद्यालय, शिक्षक र अभिभावकको त्रिपक्षीय सहकार्यद्वारा पाठ्येतर सामग्रीलाई विद्यालयीय सिकाइको अभिन्न अङ्ग बनाइनु पर्छ भन्ने शिक्षकहरूको अपेक्षा रहेको देखिन्छ ।

## तालिम आवश्यकताको अन्तराल

विद्यालयमा पाठ्येतर सामग्रीको पहुँच, व्यवस्थापन र प्रभावकारी प्रयोगबिच स्पष्ट अन्तराल देखिएको छ । पुस्तकालय र सामग्री व्यवस्थापन कमजोर छन्, शिक्षकमा सामग्री छनोट र प्रयोग गर्ने पर्याप्त सिपको अभाव छ र विद्यार्थीहरूमा रुचि भए पनि अवसरको कमीले दीर्घकालीन सिकाइ प्रभावकारी हुन सकेको छैन । अभिभावक र प्रशासनको प्राथमिकता कम भएकाले पाठ्येतर सामग्रीको प्रयोग शिक्षकको व्यक्तिगत प्रयासमा सीमित छ । यसका लागि उमेर र रुचिअनुसार सामग्री छनोट, कथा, कविता, निबन्धजस्ता पाठ्येतर सामग्री प्रयोग गर्दै सक्रिय सिकाइको कार्य योजना निर्माण र मूल्याङ्कनका साथै शिक्षक, प्रशासन र अभिभावकलाई पनि समावेश गरी पठनमैत्री वातावरण सिर्जना गर्ने तालिमको व्यवस्थापन आवश्यक छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनले विद्यालयीय परिवेशमा बालबालिकाको भाषिक सिप विकासका लागि पाठ्येतर बालसाहित्यको शैक्षणिक महत्त्व सैद्धान्तिक रूपमा स्थापित भए पनि व्यावहारिक प्रयोगको अवस्था कमजोर रहेको स्पष्ट रूपमा देखाएको छ । भाषा सामाजिक अन्तर्क्रियाबाट विकास हुने प्रमुख माध्यम भएकाले पाठ्येतर बालसाहित्य बालबालिकाको संज्ञानात्मक तथा भाषिक विकासका लागि प्रभावकारी सांस्कृतिक उपकरण हो भन्ने कुरा यस अध्ययनमा पनि पुष्टि भएको छ । यस अध्ययनमा छानिएका काठमाडौँ उपत्यकाका विद्यालयहरूमा पाठ्येतर सामग्रीको सीमित पहुँच, अव्यवस्थित पुस्तकालय, नियमित प्रयोगका लागि समय व्यवस्थापनको अभाव र विद्यालयीय संस्कृतिमा पाठ्यपुस्तक केन्द्रित शिक्षणको प्रधानताका कारण यसको प्रयोग शिक्षकको व्यक्तिगत प्रयासमा मात्र सीमित रहेको छ ।

अध्ययनले पाठ्येतर बालसाहित्य प्रयोगका सन्दर्भमा शिक्षकहरूको सकारात्मक बुझाइ र तत्परता भए पनि सामग्री छनोट, प्रयोग विधि, सक्रिय सिकाइका गतिविधि सञ्चालन गर्न तथा भाषिक सक्षमता मूल्याङ्कनसम्बन्धी सिप र तालिमको अभाव रहेको देखाएको छ । साथै विद्यालय प्रशासन र अभिभावकबाट अपेक्षित सहयोग र प्राथमिकता नपुग्नु पनि पाठ्येतर बालसाहित्यलाई नियमित र व्यवस्थित रूपमा सिकाइ प्रक्रियामा समावेश गर्न नसकिनुको कारणका रूपमा देखिएको छ ।

उल्लिखित आधारमा विद्यालयीय सिकाइमा पाठ्येतर बालसाहित्यलाई प्रभावकारी रूपमा उपयोग गर्न शिक्षकका लागि सन्दर्भअनुकूल, व्यवहारमुखी र सिप केन्द्रित तालिम आवश्यक रहेको देखिएको छ । उमेर र रुचिअनुसार सामग्री छनोट, कथाकथन र कविता प्रस्तुति जस्ता सक्रिय सिकाइ गतिविधि, मूल्याङ्कन विधि तथा पठनमैत्री वातावरण निर्माणसम्बन्धी तालिममार्फत मात्र विद्यमान र अपेक्षित सक्षमताबिचको अन्तराल घटाउन सकिने देखिन्छ । तसर्थ यस अध्ययनले शिक्षक तालिम प्रदायक निकाय, विद्यालय प्रशासन र नीतिनिर्मातालाई पाठ्येतर बालसाहित्यलाई विद्यालयीय भाषा शिक्षणको अभिन्न अङ्ग बनाउने दिशामा ठोस नीति, कार्यक्रम र सहकार्यको आवश्यकता बोध गराउने महत्त्वपूर्ण सन्दर्भ सामग्रीको काम गर्दछ भन्ने अपेक्षा गरिएको छ ।

## सन्दर्भ सामग्री

कसजु, विनय (२०७२), बालसाहित्यको बदलिदो प्रवृत्ति, बालसाहित्य, अङ्क २०, पृ. ३६ - ४२, नेपाल बालसाहित्य समाज ।

नेपाल सरकार, (२०७६), विद्यालयशिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, https://media.edusanjal.com/u/national_curriculum_framework_2076.pdf

शर्मा, सञ्जीव (२०७४), बेवास्तामा बालसाहित्य, हिमाल खबर, शनिबार ९ मङ्सिर ।

Al-Aufi, S. A. N. (2020). How does the children's literature included in the curricula of public primary schools in Oman contribute to Cycle 1 students' social, emotional, personal, and academic development? Sultan Qaboos University.

Kormos, J. (2007). An interview study of inter-cultural contact and its role in language learning in a foreign language environment. System, 35(2), 241-258. https://doi.org/10.1016/j.system.2006.10.010

Vygotsky, L. S. (1978). Mind in society: The development of higher psychological processes (Vol. 86). Harvard university press. https://surl.li/jexmrh

VYGOTSKY, L. S. (2004). Imagination and Creativity in Childhood. Journal of Russian & East European Psychology, 42(1), 7–97. https://doi.org/10.1080/10610405.2004.11059210

Merriam, S. B., & Tisdell, J.E. (2016). Qualitative research: A guide to design and implementation. John Wiley & Sons.

Yu Chang, J. F. (2007). The role of children's literature in the teaching of English to young learners in Taiwan. https://hdl.handle.net/10289/3518